नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ५५

मिति:२०८२/०४/२६

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै) ।

**विषयः आगामी आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।**

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रलयको प.सं. यो.व.का. २०८१/०८२ च.नं. १५७ मिति २०८२/०२/२६ को पत्रको छायाँ प्रति थान ४ (चार) यसै साथ संलग्न राखी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः-

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रलय,

बजेट तथा कार्याक्रम शाखा, सिंहदारवार ।

श्री सूचना प्रविधि शाखा, सबै गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा अपलोड गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईट:- www.mofaga.gov.np

☎४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार,काठमाडौं, नेपाल

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## योजना तथा विकास सहायता समन्वय महाशाखा

(बजेट तथा कार्यक्रम शाखा)

प.सं : यो.व.का.०८१/८२
च.नं. : १५६

मिति: २०८२/०२/२६

विषय: आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सङ्घीय मामिला महाशाखा,
स्थानीय तह समन्वय शाखा,
सिंहदरवार, काठमाण्डौं।

सङ्घीय मामिला तथा सामान्य प्रशासन
दर्ता नं.:- ४०६६
मिति:- २०८२/०२/२६

नेपालको संविधानमा भएको संवैधानिक व्यवस्था अनुसार कृषि क्षेत्रको समग्र विकास एवं राष्ट्रिय लक्ष्यहरु प्राप्तिमा सङ्घ, प्रदेश र स्थानिय तहहरुबीच समन्वय र सहकार्य अपरिहार्य रहेको सन्दर्भमा सङ्घ, प्रदेश र स्थानिय तहहरुबाट तर्जुमा तथा कार्यान्वयन गरिने वार्षिक कार्यक्रममा सामञ्जस्यता हुन आवश्यक हुन्छ। सङ्घीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विभिन्न प्रक्रिया र माध्यम मार्फत प्रदेश र स्थानीय तहसंग समन्वय र सहकार्य गर्दै आइरहेको छ र राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको कार्यान्वयन एवं वार्षिक रुपमा स्थानीय तहहरुबाट हुने माग र आवश्यकता अनुसार सशर्त वित्तिय हस्तान्तरण हुँदै आएको छ। सो सन्दर्भमा मिति २०८१/११/०७ गते सङ्घीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा बसेको विषयगत समितिको दशौं बैठकबाट निर्धारण भएका कृषि क्षेत्रका राष्ट्रिय प्राथमिकताहरु, सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०८२ वैशाख १९ गते सम्मानित सदनमा सम्बोधन भएको आगामी आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रम, माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्रीज्यूबाट मिति २०८२ जेठ १५ मा भएको बजेट भाषण तथा विभिन्न समयमा तीनै तहका सरोकारवालाहरुको सहभागितामा भएका छलफल एवं अन्तरक्रिया कार्यक्रमहरुमा उठान भएका कृषि क्षेत्रका साझा विषयवस्तु र तपसिलमा उल्लेखित प्रमुख प्राथमिकता एवं विषयक्षेत्रसंग सम्बन्धित कार्यक्रमहरु आवश्यकता तथा उपयुक्तताको आधारमा स्थानीय तहहरुको आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम र वार्षिक बजेट तथा कार्यक्रममा समावेश हुन अनुरोधका लागि तँहा मन्त्रालय मार्फत ७५३ वटै स्थानीय तहहरुमा परिपत्र गरिदिनुहुन मिति २०८२/०२/२५ गतेको सचिवस्तरीय निर्णयानुसार अनुरोध छ।

<u>तपशिल:</u>

<u>आगामी आ.व. २०८२/८३ मा स्थानीय तहहरुको नीति तथा कार्यक्रम र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्न आवश्यक कार्यक्रम/विषयक्षेत्रहरु</u>

**१. विषयगत समितिको दशौं बैठकबाट निर्धारण भएका कृषि क्षेत्रका राष्ट्रिय प्राथमिकताहरु : देहायका प्राथमिकता प्राप्त कार्यक्रम अन्तर्गत समावेश गर्न सकिने विभिन्न कार्यक्रम र क्रियाकलाप।**

- ✓ खाद्य तथा पोषण सुरक्षा र खाद्य स्वच्छता सम्बन्धी कार्यक्रम
- ✓ कृषि उत्पादन साधन एवं सामग्रीको उपलब्धतामा सुधार सम्बन्धी कार्यक्रम
- ✓ उद्योगका लागि कृषि तथा पशुपन्छी उत्पादन एवम् कृषि प्रशोधन कार्यक्रम
- ✓ कृषि, पशुपन्छी तथा मत्स्य श्रोत केन्द्र विकास कार्यक्रम
- ✓ कृषि तथा पशुपन्छी बजार पुर्वाधार तथा संजाल विकास कार्यक्रम
- ✓ निर्यातका लागि कृषि उत्पादन कार्यक्रम
- ✓ कृषि तथा पशुपन्छी जैविक विविधता तथा रैथाने बाली संरक्षण र प्रवर्द्धन कार्यक्रम

☎४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार,काठमाडौं, नेपाल

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## योजना तथा विकास सहायता समन्वय महाशाखा
## (बजेट तथा कार्यक्रम शाखा)

प.सं : यो.व.का.०८१/८२
च.नं. : १५६

- ✓ जलवायु उत्थानशिल कृषि विकास कार्यक्रम
- ✓ प्राङ्गारिक कृषि तथा माटो उर्वराशक्ति सुधार कार्यक्रम
- ✓ सांगठनिक सुधार एवं सुदृढिकरण, सुशासन एवं सेवा प्रवाह, अति आवश्यक जनशक्ति विकास
- ✓ कृषि अनुसन्धान तथा नविनतम प्रविधि विकास कार्यक्रम
- ✓ गाउँपालिका महानगर/उपमहानगरपालिका साझेदारी कार्यक्रम
- ✓ व्यवसायिक क्षेत्रमा विषादीको सुरक्षित प्रयोग प्रवर्द्धन कार्यक्रम

२. **तराई, मध्य-पहाड र उच्च पहाडमा प्रमुख राजमार्ग र रोड कोरिडोर लक्षित व्यवसायिक कृषि विकास कार्यक्रम:** प्रमुख राजमार्ग र रोड कोरिडोरहरुलाई हरित व्यवसायमा आधारित मार्गका रुपमा स्थापना गर्ने नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार खाद्यान्न, फलफूल, तरकारी खेती, मत्स्य, गाई/भैंसी, भेडा/बाखा, याक/चौंरी, पाडा/पाडीपालन लगायतका कृषि व्यवसाय विकासका कार्यक्रमहरु।

३. **राष्ट्रिय फल सुन्तला प्रबर्द्धन कार्यक्रमः** मिति २०८० चैत्र ३० गतेको मन्त्रिपरिषदको निर्णयानुसार नेपालको राष्ट्रिय फल सुन्तला प्रवर्द्धनका लागि सम्भाव्य प्रदेशहरुमा सुन्तलाको क्षेत्र विस्तार, उत्पादन वृद्धि तथा बजारीकरण सहयोग सम्बन्धी प्रबर्द्धनात्मक कार्यक्रमहरु।

४. **किसान सूचीकरण कार्यक्रमः** किसान सूचीकरण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी कृषि क्षेत्रका अनुदान तथा सहुलियतलाई थप पारदर्शी बनाउन अधिक संख्यामा कृषकहरु भएका स्थानीय तहहरुमा संघीय सशर्त बजेट अपुग हुने देखिएकाले प्रदेशको कार्यक्रमबाट थप बजेट व्यवस्थापन वा स्थानीय तहको आन्तरिक श्रोतबाट थप कार्यक्रम।

५. **कृषि, पशुपन्छी तथा मत्स्यको तथ्यांक अध्यावधिक कार्यक्रमः** स्थानीय तहमा कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क संकलन, अद्यावधिक एवं प्रमाणीकरण कार्यलाई थप व्यवस्थित बनाउन सकिने गरी बजेट तथा कार्यक्रम।

६. **कृषिमा लगानी अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु:** कृषि क्षेत्रमा उपलब्ध अवसरको उपयोग गर्न र चुनौतिहरुको सामना गर्न सरकारी, निजि तथा सहकारी क्षेत्रको लगानी आकर्षित गर्न तथा कृषि उत्पादनलाई बजार र उद्योगसंग जोड्न सकिने आवश्यक कार्यक्रमहरु।

७. **बाली विशेषका उत्पादन क्षेत्रहरु घोषणा गर्ने सम्बन्धी कार्यक्रम:** स्थानिय तहहरुले व्यवसायिक सम्भाव्यताको आधारमा बाली/वस्तु विशेषका उत्पादनका क्षेत्रहरु पहिचान तथा घोषणा गरी यस्ता उत्पादन क्षेत्रहरुमा स्थानीय संभाव्यताका आधारमा बाली/ वस्तु विषेशको उत्पादन वृद्धि कार्यक्रमहरु। तरकारी, फलफूल, रैथाने बाली, खाद्यान्न बाली, चैते धान, गाई/भैंसी/ भेडा/बाखा लगायत बाली वस्तु लक्षित उत्पादन प्रवर्द्धन कार्यक्रमहरु।

८. **कृषक समुह तथा सहकारी परिचालनका कार्यक्रमहरु:** कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण,बजारीकरण र कृषकहरुलाई कृषि उपजको उचित मुल्य प्रदान गर्न तथा स्थानीय स्तरमा सामूहिक र संस्थागत विकासका लागि कृषक समुह तथा सहकारीको गठन, पुनः गठन, परिचालन र क्षमता अभिबृद्धिका कार्यक्रमहरु।

☎४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार,काठमाडौं, नेपाल

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## योजना तथा विकास सहायता समन्वय महाशाखा

## (बजेट तथा कार्यक्रम शाखा)

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

प.सं : यो.व.का.०८१/८२
च.नं. : १५6

९. **स्थानीय कृषि तथा पशुपन्छी श्रोत केन्द्रहरुको विकास तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरुः** स्थानीय कृषि विकास तथा प्रवर्द्धनका लागि फलफूल तथा तरकारीको नर्सरी, गाई/भैंसी/भेडा/बाख्रा/याक/चौंरी/माछा लगायतका पशुवस्तुको श्रोत केन्द्र, विभिन्न बालीहरुको बीउ उत्पादन लगायतका कार्यक्रमहरु।

१०. **गुणस्तरीय कृषि उत्पादन सामग्रीको उत्पादन, सुरक्षित आयात तथा आन्तरिक क्वारेन्टाइन सम्बन्धी कार्यक्रमहरुः** स्थानीय रुपमा नै उत्पादन गर्न सकिने आधारभुत कृषि उत्पादन सामग्रीहरुको गुणस्तर अभिवृद्धि, बाहिरबाट उत्पादन सामग्री आयात गर्दा बीउ, विजन, नश्लको स्वस्थता र गुणस्तर तथा रोग/किरा र महामारी नियन्त्रणका लागि आन्तरिक क्वारेन्टाइन प्रवर्द्धन सम्बन्धी कार्यक्रम।

११. **साना सिँचाई पूर्वाधार विकासका कार्यक्रमहरुः** सिंचित क्षेत्र विस्तार गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि साना सिँचाई कार्यक्रमहरु।

१२. **कृषियोग्य बाँझो जमिन सदुपयोग सम्बन्धी कार्यक्रमहरुः** बाँझो एवं उपयोग विहीन रहेको खेतीयोग्य जमिनमा पशुपालन, उच्च मूल्यका विभिन्न फलफूल, गैरकाष्ठ वन पैदावार, घाँस तथा नगदेबाली खेती, कृषि-वन प्रणाली विस्तार र चक्लाबन्दीमा आधारित कार्यक्रमहरु।

१३. **गाँउपालिका/नगरपालिका र उप/महानगर साझेदारी कार्यक्रमः** कृषि उपजको सहज बजारीकरण तथा बिक्री वितरण तथा शहरी उपभोक्ताहरूका लागि आवश्यक ताजा तरकारी, दूध तथा माछा मासुको आपूर्तिलाई नियमित र सहज गर्न गाँउपालिका/नगरपालिका र उप/महानगर साझेदारी साझेदारी कार्यक्रमहरु।

१४. **प्राङ्गारिक खेती प्रबर्द्धन कार्यक्रमः** तरकारी तथा अन्य खाद्यान्न बालीहरुमा बिषादीको प्रयोग न्यूनिकरण गर्न एकिकृत शत्रुजीव व्यवस्थापन कार्यक्रम, विषादी प्रयोगमा सचेतना कार्यक्रम, माटो स्वस्थता तथा स्वच्छता कार्यक्रम, दीगो पर्यावरणीय कृषि कार्यक्रम, कृषि-वन कार्यक्रम, प्राङ्गारिक मलको प्रवर्द्धन तथा प्राङ्गारिक खेतीलाई प्रवर्द्धन कार्यक्रमहरु।

१५. **असल पशुपालन अभ्यास प्रवर्द्धन कार्यक्रमः** कृत्रिम गर्भाधान सेवा विस्तार कार्यक्रम, पशु तथ्याङ्क रिपोर्टिङ कार्यक्रम, फार्म अभिलेखिकरण तथा फार्म जैविक सुरक्षा जस्ता असल पशुपालनका अभ्यासहरु अनुसरण हुने कार्यक्रमहरु।

१६. **कृषि तथा पशुपन्छी जैविक विविधता तथा रैथाने बाली संरक्षण र प्रबर्द्धन कार्यक्रमः** रैथाने बाली तथा बीउको संरक्षण तथा प्रवर्द्धन, कृषि तथा खाद्य जैविक विविधताको संरक्षण तथा प्रवर्द्धन, बालीनाली, पशुपन्छी तथा मत्स्य जैविक विविधता संरक्षण, सम्वर्द्धन तथा उपयोग सम्वन्धी कार्यक्रमहरु।

१७. **जलवायु परिवर्तन उत्थानशिल कृषि विकास कार्यक्रमः** जलवायु परिवर्तनबाट सृजित समस्याहरु र यसको अवसरलाई प्रयोग गर्न कृषि तथा पशुपालन क्षेत्रमा जलवायु परिवर्तन उत्थानशील प्रविधि प्रबर्द्धन कार्यक्रमहरु।

१८. **स्थानीय कृषिलाई उद्योगसंग जोड्ने कार्यक्रमहरुः** कृषिमा आधारित उद्योगहरुका लागि आवश्यक कच्चा पदार्थ उत्पादन गर्न स्थानीय तहहरुको सम्भाव्यताका आधारमा कृषि उद्योग र स्थानीय तहबीच उपयुक्त बाली वस्तु पहिचान गरी उत्पादन तथा खरिद तथा आपूर्ति सम्झौता गर्न मिल्ने कार्यक्रमहरु।

☎४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार,काठमाडौं, नेपाल

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## योजना तथा विकास सहायता समन्वय महाशाखा

(बजेट तथा कार्यक्रम शाखा)

प.सं : यो.व.का.०८१/८२
च.नं. : १५६

१९. **पशुपन्छी स्वास्थ्य एवं खोप सम्बन्धी कार्यक्रमः** पशुपन्छीमा लाग्न सक्ने महामारीजन्य रोगहरुको रोकथामका लागि अभियानमुखी कार्यक्रम, खोप सेवाको विस्तारका लागि लजिष्टिक र पारिश्रमिक व्यवस्थापन र राष्ट्रिय पशु स्वास्थ्य सुचना प्रणालीको प्रभावकारी कार्यान्वयन सम्बन्धी कार्यक्रम।

२०. **विपदबाट हुने क्षति रोकथाम तथा राहत सम्बन्धी कार्यक्रमः** कृषि क्षेत्रमा विपदबाट हुन सक्ने क्षतिको न्यूनीकरणका लागि सचेतना लगायतका कार्यक्रम र विपदबाट हुने क्षतिमा राहत सम्बन्धी कार्यक्रम।

२१. **जनशक्ति व्यवस्थापन कार्यक्रमः** कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रका लागि प्रविधि प्रसार गर्न आवश्यक प्रसार कार्यकर्ताहरु/जनशक्तिको उचित र दिगो व्यवस्थापनको कार्यक्रमहरु।

२२. **कृषि हानिकारक वन्यजन्तुहरुको नियन्त्रण तथा रोकथाम कार्यक्रमहरुः** कृषि क्षेत्रलाई हानी नोक्सानी पुर्याउने वन्यजन्तुहरुको व्यवस्थापनका लागि स्थानीय स्तरमा गर्न सकिने नियन्त्रण तथा रोकथामका कार्यक्रमहरु।

२३. **स्थानीय कृषि तथा पशुपन्छी बजारहरुको सुदृढीकरण कार्यक्रमः** राष्ट्रिय कृषि बजार सञ्जाल तथा आपूर्ति श्रृङ्खला विकास गर्न स्थानीय तहहरुमा रणनैतिक हिसाबले महत्वपूर्ण ठाँउहरूमा निजी क्षेत्रको समेत सहभागितामा स्थानीय कृषि बजार संरचनाहरू निर्माण तथा सुदृढीकरणका कार्यक्रमहरु।

२४. **पशुपन्छी तथा मत्स्यजन्य रोग नियन्त्रणका कार्यक्रमहरुः** स्वदेशमा नै उत्पादित पशुपन्छीका रोगविरुद्धका भ्याक्सिनको प्रयोगका लागि अभियानमुखी कार्यक्रमहरु। राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम (FMD, PPR, Ranikhet, CSF र HS/BQ) अन्तर्गत खोप सेवा कार्यक्रम, रेविज तथा जुनोटिक रोग नियन्त्रण कार्यक्रम, आकस्मिक रोग नियन्त्रण कार्यक्रम, आधारभूत पशुपन्छी रोग अन्वेषण प्रयोगशाला बिस्तार, भ्याक्सिन कोल्ड चेन व्यवस्थापनको लागि प्रयोगशाला ग्रेडको रेफ्रिजेरेटर Ice Lined Refrigerator (ILR), पशुपन्छीको उपचार सेवा, पशुपन्छीको रोग निदानको लागि नमूना संकलन तथा प्रेषण कार्यक्रम, इपिडेमियोलोजिकल रिपोर्टिङ कार्यक्रम जस्ता कार्यक्रमहरु।

२५. **खाद्य तथा पोषण सुरक्षा तथा स्वच्छता अभिवृद्धि कार्यक्रमः** स्थानीय खाद्य तथा पोषण सुरक्षा प्रवर्द्धन हुने खालका कार्यक्रम र खाद्य स्वच्छता कायम गर्न अनुगमन तथा सचेतना कार्यक्रमहरु।

२६. **विगतमा निर्माण भएका कृषि पूर्वाधारको उपयोग कार्यक्रमः** विभिन्न समयमा निर्माण सम्पन्न भै संचालनमा नआएका तथा न्यून प्रयोग भएका कृषि बजार पूर्वाधार, शितभण्डार घर, दुध चिस्यान केन्द्र, बीउ भण्डार गोदाम घरहरुको समुचित उपयोगका लागि आवश्यक कार्यक्रमहरु।

२/२५

दिलिप जंग राना
कृषि अर्थ विज्ञ